

## लेखक परिचय

| | |
|---|---|
| नाम : | चन्द्र कान्त आचार्य |
| जन्म : | सन् १९५१, वाङ्गला, अर्घाखाँची, नेपाल |
| शिक्षा : | एम्.ई. (सर्भे इन्जिनियरिङ्ग), मास्को, १९७३ |
| | पोस्ट ग्रेजुएट कोर्स (जियोडेजी) |
| | अक्सफोर्ड विश्वविद्यालय, यू.के., १९७८ |
| पेशा र अन्य सक्रियता : | प्रबन्ध निर्देशकः- मसिना कन्टिनेन्टल एसोसिएट्स (प्रा.) लि., |
| | इन्जिनियरिङ्ग परामर्श सेवा |
| | प्रमुख नापी अधिकृतः- खगोल तथा भू-मापन महाशाखा नापी विभाग- |
| | सन् १९८३ सम्म |
| महासचिव : | नेपाल छात्र संघ, सोभियत संघ, मास्को १९७१/७२ |
| संयोजक : | अर्घाखाँची सम्पर्क सदन, काठमाडौं १९८३/८४ |

कृतिहरू :

प्रकाशित उपन्यास :- ज्वाला

प्रकाशोन्मुखः मित्रता

अंग्रेजीमा अनुवाद : 'मित्रता' को अनुवाद भएर प्रकाशकको खोजीमा

विभिन्न समयमा कान्तिपुर दैनिक, वन्दना, देशको आवाज आदि साहित्यिक पत्रिकामा लेख-कथाहरू प्रकाशित

## ‘ज्वाला’ उपन्यासको समीक्षाको प्रसंगमा लेखक चन्द्रकान्त आचार्यको परिचय

प्रा. गोपीकृष्ण शर्मा

उपन्यासकार चन्द्रकान्त आचार्य (जन्म : ई. १९५१, वाङ्गला, अर्घाखाँची) को *‘ज्वाला’* उपन्यास नेपाली साहित्यमा नौलो आयाम र नवीन चिन्तन लिएर देखा परेको सामाजिक उपन्यास हो । सोभियत संघ, मास्कोबाट ई. १९७३ मा एम्.ई. (सर्भे इन्जिनियरिङ्ग) पूरा गर्नुको साथै बेलायतको अक्सफोर्ड विश्वविद्यालयबाट पोस्ट ग्रेजुएट कोर्स (जियोडेजी) को योग्यता प्राप्त गरेर उनले प्राविधिक क्षेत्रमा विशेषज्ञता हासिल गरेको देखिन्छ । विद्यार्थी जीवनदेखि साहित्यिक कार्यक्रमहरूमा उनको संलग्नता देखिएको हो । सोभियत संघमा रहँदा त्यहाँ नेपाल छात्रसंघमा आबद्ध भई साहित्यिक गतिविधिसमेतमा संलग्न भएको हुनाले पनि उनको साहित्यिक अभिरुचि स्पष्ट झल्कन्छ । नेपाल छात्रसंघ, सोभियत संघको मुखपत्र ‘किरण’ मा चन्द्रकान्त आचार्यको कथा ‘दस्विदानिया’ (अर्को भेटसम्म) ई. १९७१ मा प्रकाशित भएको छ भने उनका अन्य कथाहरूमा ‘सोभियत भूमि’ मा प्रकाशित कथा ‘अचम्मको सपना’ (ई. १९७२, रसियन भाषामा समेत अनुदित) उल्लेखनीय छ ।

चन्द्रकान्त आचार्य सानैदेखि साहित्यिक गतिविधिमा चासो राख्ने व्यक्ति हुन् । अर्घाखाँचीमा गुरु पं. रुद्रनाथ आचार्यबाट प्रारम्भिक शिक्षा प्राप्त गरेकै अवसरदेखि फुटकर कथा, कविता लेख्ने उनको बानी थियो । बनारसमा अध्ययन गर्दा त्यहाँको नेपाली छात्रसंघका साहित्यिक क्रियाकलापमा समेत उनको संलग्नता रह्यो । बनारसबाट संस्कृततर्फ पूर्वमध्यमा र अंग्रेजी शिक्षातर्फ आई.एस्सी. परीक्षा पूरा गरेपछि चन्द्रकान्त आचार्यको शिक्षा प्राविधिक क्षेत्रतर्फ मोडियो । उनले बनारसबाट फर्केपछि २०२४ सालमा गुल्मी धुर्कोटको हिमालय मा.वि.मा ६ महिनासम्म विज्ञान विषयको शिक्षक भएर काम गरेका थिए । यसै बखत उनले लेखेको नाटक स्कूल प्रांगणमा प्रदर्शित भएको थियो । यसरी नेपाली साहित्यतर्फ उनको रुचि र संलग्नता निरन्तरित भएको देखिन्छ ।

मास्कोबाट फर्केपछि चन्द्रकान्त आचार्यले दश वर्ष (ई. १९७३-१९८३) सम्म नेपालमा सरकारी सेवा गरेको देखिन्छ । नापी अधिकृतका रूपमा सेवा प्रवेश गरेका आचार्यले खगोल तथा भू-मापन महाशाखा, नापी विभागअन्तर्गत प्रमुख नापी अधिकृतबाट ई. १९८३ मा राजीनामा दिई हाल स्वतन्त्र प्राविधिक पेशामा संलग्न भएको पाइन्छ । अहिले आचार्य मसिना कन्टिनेन्टल एसोसिएट्स (प्रा.) लि., इन्जिनियरिङ्ग परामर्श सेवा, काठमाडौंमा प्रबन्ध निर्देशकका रूपमा कार्यरत छन् । काठमाडौंको ‘मित्रकुञ्ज’ मा आजीवन सदस्य रहेका आचार्यले अर्घाखाँची सम्पर्क सदन, काठमाडौंमा संयोजक (२०४१/४२) रहेर कार्य गरेको देखिन्छ । उक्त सम्पर्क सदनको मुखपत्र ‘चिनारी’ मा उनका लेख प्रकाशित छन् ।

साहित्यकार तथा प्राविधिक चन्द्रकान्त आचार्यको अनुसन्धान क्षेत्रमा समेत संलग्नता रहेको छ । उनले ई. १९७८ मा अक्सफोर्ड विश्वविद्यालयमा अध्ययनरत छँदा काठमाडौं नजिकै नगरकोटमा मूल बिन्दु भएको ‘एभरेस्ट स्फेरोइड’ परिभाषित गरेका हुन् भने यसभन्दा पूर्व ई. १९७५ मा उनले ‘ट्रियाङ्गिलेसन सर्भे एडजस्टमेन्ट’ सम्बन्धी फर्मुला तयार पारेको देखिन्छ र यो फर्मुला खगोल तथा भू-मापन महाशाखामा प्रयोग भइरहेको पनि छ ।

चन्द्रकान्त आचार्यको यो शैक्षिक तथा साहित्यिक परिवेश उनको उपन्यासकारिताका सन्दर्भमा निकै अर्थपूर्ण रहेको छ । वास्तवमा साहित्य समाजको दर्पण हो र लेखक जुन समाजमा बस्छ, उसले समाजलाई जसरी भोग्छ र हेरेको हुन्छ, त्यसैको प्रतिविम्बन साहित्यमा हुने गर्दछ । महाकवि देवकोटाले एउटा निबन्धमा भनेका पनि छन्- ‘सजीव अनुभवको कलात्मक प्रकाशन साहित्य हो भने जो नेपाली हैन, त्यसले नेपाली साहित्य लेख्न सक्दैन ।’ वास्तवमा साहित्यकारले आफूले भोगेको कुरालाई कलात्मक ढंगबाट प्रस्तुत गरेको हुन्छ । सामाजिक परिदृश्यलाई आफ्ना अनुभवसँग मिसाएर आकर्षक शैलीमा व्यक्त गर्ने काम साहित्यकारको हो । यस परिप्रेक्ष्यमा उपन्यासकार चन्द्रकान्त आचार्यको क्षमता ‘ज्वाला’ उपन्यासमा प्रतिविम्बित भएको छ । पुगनपुग आधा शतकको कालखण्डभित्र सिङ्गो जीवन भोगाइ र जटिल यात्राको कलात्मक प्रतिविम्बन यहाँ पाइन्छ । यस अर्थमा कृतिलाई हेर्ने पृष्ठभूमिभित्र साहित्यकारको जीवनचर्या सहायक हुनु स्वाभाविक पनि हो ।